Coronavirus CivActs Campaign presents

CIVIC ACTION TEAMS

# FAIR FACTS

अंक
१२०

१५।०५।२०७८



## कोरोना महामारीको जोखिमका बावजुत पनि नेपालगञ्जमा नगर परिक्रमा गर्दै गाईजात्रा मनाईयो ।

*तस्विर: लोक बहादुर घर्ती*




चीनमा उत्पादन गरिएको कोरोना विरुद्धको खोप एमआरएनएलाई नेपालमा परिक्षण गर्न अनुमती दिईएको छ ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र


**वास्तवमै हामीले लगाएको खोप प्रभावकारी नै छ त?**

एक मात्रा खोप लगाएका ८० प्रतिशतमा र पूर्ण मात्रा खोप लगाएका ९० प्रतिशतमा एन्टिबडी देखिएको छ ।

**क्युआर कोड सहितको प्रमाण पत्र अनलाईनबाटै आफै लिनु त अनलाईनमा पहुँच नहुनेलाई झनै गाह्रो भयो नी ?**

सम्बन्धित मेनपावरले अनलाईनबाट नि:शुल्क क्युआर कोड सहितको प्रमाण पत्रको व्यवस्था सरकारले गरेको छ ।

**दैनिक मजदुरी पनि नपाएपछि विदेशिन् बाध्य निर्मलाहरु**

न त उनीसँग विदेश जानलाई पैसा नै छ, न त घरमा छोरीको रेखदेख गरिदिने मान्छे नै ।

# फ्याक्ट सिट

## स्थानीय तहमा देखिएको भारी बेरुजु चिन्ताको विषय। के यसले विकेन्द्रिकृत सरकार असफल भएको संकेत गर्दैछ त ?

### आ.व. २०७६/७७ मा भएको जम्मा लेखा परीक्षण

### रु. ५३,२७,९१,००,००,०००

**३०७९** संघिय सरकारी निकाय

| जम्मा लेखा परीक्षण भएको रकम | बेरुजु रकम |
|---|---|
| रु. १५,५५,८१,००,००,००० | रु. ४४,३९,००,००,००० (२.८५%) |



**१०१९** प्रादेश स्थीत कार्यालयहरु



| जम्मा लेखा परीक्षण भएको रकम | बेरुजु रकम |
|---|---|
| रु. २,३७,४१,००,००,००० | रु. ६,५०,००,००,००० (२.७४%) |

**६९९** स्थानीय तह

| जम्मा लेखा परीक्षण भएको रकम | बेरुजु रकम |
|---|---|
| रु. ८,१५,९९,००,००,००० | रु. ४०,८३,००,००,००० (५%) |



स्रोत : https://cutt.ly/FWgiDCS

# हल्ला र तथ्य

? अहिले खोप लगाएका व्यक्तिमा पनि कोरोना संक्रमण देखिएको समाचार आईरहेका छन् । त्यसमाथी खोप लगाएपछि कती लामो समयसम्म काम गर्छ भन्ने पनि थाहा छैन । वास्तवमै हामीले लगाएको खोप प्रभावकारी नै छ त?

भर्खरै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ६ महिना भन्दा बढी उमेरका १३,१६१ जना व्यक्तिहरुको नमुना संकलन गरी परिक्षण गरेको थियो । प्रारम्भिक नतिजा अनुसार, ६८.६ प्रतिशत नमुनामा कोभिड - १९ एन्टिबडी देखिएको थियो । एक मात्रा खोप लगाएका ८० प्रतिशतमा र पूर्ण मात्रा खोप लगाएका ९० प्रतिशतमा एन्टिबडी देखिएको थियो । यसले प्रष्ट रुपमा हामिले लगाईराखेको खोप प्रभावकारी छ भन्ने देखाउँछ ।

Source: https://cutt.ly/dWfqOPa

? नेपालमा पनि कोरोना विरुद्धको खोपको परिक्षण हुने भन्ने सुनिन्छ । यो परिक्षणमा को को सहभागी हुन्छन् ?

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार, पहिलो चरणमा स्वस्थ युवाहरूमा परिक्षण गरिन्छ । दोस्रो र तेस्रो चरणमा जुन उमेर समुहको लागि खोप तयार गरिदैछ, सो उमेर समुहका व्यक्तिमा परिक्षण गरिन्छ । त्यसपछि, छुट्टाछुट्टै भौगोलिक क्षेत्र, जातजाती, लिंग, उमेर समुह र कोभिड - १९ को उच्च जोखिममा रहेका व्यक्तिमा समेत परिक्षण गरिन्छ । त्यस पश्चात मात्र खोप सुरक्षित रहेको सुनिश्चित गरिन्छ । परिक्षणमा सहभागि हुन स्वयंमसेवीलाई सार्वजनिक आह्वान गरिन्छ ।

Source: https://www.who.int/news-room/q-a-detail/coronavirus-disease-(covid-19)

? कोभिड - १९ विरुद्ध खोप लगाएको क्युआर कोड सहितको प्रमाण पत्र अनलाईनबाटै आफै लिनु त भन्यो तर अनलाईनमा पहुँच नहुनेलाई त झनै गाह्रो भयो नी ?

यस सन्दर्भमा आएको गुनासो सम्बोधन गर्न सरकारले नयाँ व्यवस्था गरेको छ । यदि कुनै व्यक्ति संस्थागत रुपमा वैदेशिक रोजगारीमा जान चाहँदै छ भने, सम्बन्धित ईजाजतवाला मेनपावरले अनलाईनबाट नि:शुल्न क्युआर कोड सहितको प्रमाण पत्रको व्यवस्था गर्नुपर्ने छ । तर, व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जानेको हकमा भने, अनलाईनबाट आफै क्युआर कोड सहितको प्रमाण पत्र लिन असमर्थ भएमा नजिकमा रहेको स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा विभागबाट नि:शुल्क सहयोग लिन सकिने व्यवस्था सरकारले गरेको छ ।

Source: https://dofe.gov.np/DetailPage.aspx/id/197/lan/ne-NP
https://dofe.gov.np/DetailPage.aspx/id/196/lan/ne-NP

# कोभिड - १९ खोपको ताजा अपडेट

अहिलेसम्म प्राप्त जम्मा खोपको मात्रा **१,०५,२६,२७०**

**कोभिशिल्ड खोप** ३१,९१,४२०

**भेरोसेल खोप** ५८,००,०००

**जोन्सन एण्ड जोन्सन खोप** १५,३४,८५०



- भारत सरकारबाट अनुदान प्राप्त ११,००,०००
- भारतबाट खरिद गरिएको १०,००,०००
- भुटान २,३०,०००
- जापान (कोभ्याक्स सुविधा) ५,१३,४२०
- कोभ्याक्स सुविधा (गाभी)बाट अनुदान प्राप्त ३,४५,०००
- चीन सरकारबाट अनुदान प्राप्त १८,००,०००
- चीनबाट खरिद खगरिएका ४०,००,०००
- संयुक्त राज्य अमेरिकाबाट अनुदान प्राप्त १५,३४,८५०

१८ वर्ष माथिको जम्मा जनसंख्या *(खोपको लागि योग्य जनसंख्या)*: **२,०२,९१,२५४**

१८ वर्ष उमेर समुह माथि पूर्ण खोप प्राप्त जनसंख्या प्रतिशतमा **१९.९७%**

अघिल्लो हप्ता भन्दा **३.५%** ले बृद्धी

१८ वर्ष उमेर समुह माथीको जम्मा जनसंख्यालाई आवश्यक जम्मा खोपको मात्रा **३,७५,१२,८०८**

## प्राथमिकता के हो ? राजनीति ?
## अथवा, महामारी विरुद्धको प्रतिकार्य ?

COCAP



**५१२** राजनीतिक घटनाहरु बाहिर आए

जनवरी २०२१ देखी अगष्ट २०२१ सम्म

# श्रमिक साथी

Shramik Sanjal

## यूएई विस्तारै सामान्य अवस्था तर्फ फर्किंदै

### यूएई




- सेहा (seha) ले नयाँ कोभिड ड्राईभ थ्रु सेन्टर Al Ain मा खुला गरेको छ ।
- अगष्ट ३० बाट लागु हुने गरी विश्व स्वास्थ्य संगठनबाट मान्यता प्राप्त खोपको पूर्ण मात्रा लगाएका व्यक्तिहरुको लागि पर्यटक भिषा खुला भएको छ ।
- अगष्ट २९ बाट लामो समय पश्चात विद्यालयहरु खुलेका छन्।
- अबुधावीमा सिनोफार्म खोप लगाएको ६ महिना पुगेका व्यक्तिले तेस्रो बुस्तर डोज खोपका लागि २० सेप्टेम्बर, २०२१ सम्म ग्रेस पिरियड दिईएको छ । त्यसका लागि Al Hosn एपमा ग्रिन सिग्नल आएको हुनुपर्ने छ ।

### कुवेत

- नेपाल-कुवेत उडान अझै अनिश्चित । टर्कीको स्तानबुल हुँदै कुवेत जान सकिने, तर भाडा महंगो हुनुका साथै लामो यात्रा गर्नुपर्ने ।
- कुवेतमा दैनिक १८ हजार व्यक्तिलाई खोप दिईदै । मोबाईल खोप केन्द्रले क्याम्प क्याम्पमा गएर खोप लगाउँदै ।
- कतारले कुवेतलाई कोभिड क्लासिफिकेसनको एल्लो लिस्टमा राख्यो ।
- कुवेत यात्रा गर्नुपूर्व इम्युन एप्स अप्डेट गर्न कुवेत स्वास्थ्य मन्त्रालयको सुझाव ।



www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

## दैनिक मजदुरी पनि नपाएपछि विदेशिन बाध्य निर्मलाहरु

नेपाली समाज, त्यसमा पनि महिला । महिलाहरुलाई घरभित्रै झ्याई नझ्याई काम दिईएको हुन्छ । घर छाडेर बाहिर गएर काम गर्ने वातावरण पनि हुँदैन, समाजले पनि सकारात्मक रुपमा लिँदैन । तर, जव परिवारको बोझ आफुमाथी आइपर्छ, तव आर्थिक संकटले च्याप्दै जान्छ । सहयोग गर्ने कोहि हुँदैनन् । समाजले के भन्ला भनेर प्रवाह नगरी कमाउन निस्कनै पर्दछ । यसको उदाहरण हुन्, वीरेन्द्रनगर नगरपालिका वडा नम्बर १ की निर्मला कुमारी थापा । सानै उमेरमा बिवाह गरेकी थापाको बिवाह गरेको केहि समयमा छोरी जन्मियो । छोरी हुर्किंदै थिईन, श्रीमानले वास्ता गर्न छाडे । श्रीमानले दोश्रो विवाह गरेर वेपत्ता भएपछि घरको सम्पूर्ण भार निर्मलामा थपियो । दैनिक खान बस्नको जोहो सँगै छारीलाई पढाउनु पनि थियो, तर श्रोत केहि थिएन् ।

उपाय केही नभेटेपछि उनी घरेलु कामदारको रुपमा साउदी लागिन् । नाबालक छोरीलाई घरमै छाडेर परदेशमा गएर काम गर्नु सजिलो थिएन । तर, वाध्यताको अगाडी उनको केही चलेन ।

> **जसोतसो २ वर्ष साउदीमा काम गरिन् । गुजारा चलाउने पैसा पनि पुगेकै थियो । विस्तारै छोरीको यादले उनलाई उनलाई सताउन थाल्यो । श्रीमानले छाडेर गएपछि एक्ली भएकी निर्मला घरपरिवार पनि एक्लिदै थिईन् । छोरीसँग जोडिने कुनै आधार भएन् । अन्ततः उनले साढे दुई वर्षमा साउदी छाडिन् ।**

घर फर्किएपछि परिवारसँगै बसिन, तर सहयोग भने केही पाईनन् । विदेशमा कमाएको पैसा विस्तारै सकियो । फेरी दैनिक गुजाराको लागि काम खोज्नुपर्ने भयो । विदेशमा गरेको कामले गाउँमा काम पाईएन । बाध्य भएर निर्मला फाट्टफुट्ट पाईने मजदुरीको काम गर्नथालिन् ।



तर, त्यसले छोरीलाई पढाउने खर्चको जोहो गर्न सकिएको छैन । उनलाई फेरी पनि विदेश जानपाएहुन्थ्यो जस्तो लागेको छ । तर, न त उनी सँग विदेश जानलाई पैसा नै छ, न त यता छोरीको रेखदेख गरिदिने मान्छे नै । महिला भएकै कारण दैनिक ज्याला मजदुरी पनि नपाएको महसुस उनले गरिरहेकी छिन् । के निर्मला जस्ता एकल महिलाले नेपालमै बसेर दैनिक गुजारा गर्न सक्दैनन् ?

# भोइसेस आउट लाउड - मेरो कुरा

कोभिड - १९ शुरु हुँदा मेरो छोरी ३ महिना १५ दिनकी मात्र थिईन । स्वास्थ्यकर्मी भएकाले जोजिमपूर्ण काममा खटिनुपर्ने भएका कारण छोरीलाई आफ्नो दुध खुवाउन पनि धेरै पटक सोच्नु पर्दथ्यो । छोरीकै लागि भनेर बिदामा बस्ने अवस्था पनि थिएन । हामीसँगै काम गर्ने साथीहरु संक्रमित हुन थालेपछि म निकै त्रसित बनेकी थिएँ । खोप शिविर सञ्चालनमा झन् जोखिमको सामना गर्नु पऱ्यो । सेवाग्राहीहरु न मास्क लगाएर आउथे, न त सामाजिक दूरीको पालना नै गर्थे । सम्झाउन निकै समस्या झेल्नुपऱ्यो । हामीले कोभिड महामारीको बेला गरेको काम अनुसार सेवाग्राहीबाट माया र सद्भाव अपेक्षा गरेका थियौं, तर त्यस्तो अवस्था भने अझैसम्म आइसके जस्तो लाग्दैन ।

## कला कुमारी चौधरी

स्टाफ नर्स,
जलेश्वर नगरपालिका, महोत्तरी





## सन्तोष पोख्रेल

बरिष्ठ पत्रकार,
पोखरा

म विगत १५ वर्ष देखि पत्रकारिता गरिरहेको छु । कोरोना महामारीका कारण मैले अहिले सम्मकै व्यवसायिक चुनौतीको सामना गरेँ । पत्रकारहरु बाहिर धेरै हिड्छन् भनेर कसैले पनि भेट्न नचाहँदा र लकडाउनको कारण हरेक क्षेत्र बन्द भएकोले तथ्यांक संकलन गर्न गाह्रो भयो । सुरक्षा सामाग्री नहुँदा र आफै पनि संक्रमणको डरले कतिपय अवस्थामा रिपोटिङ मै जान सकिएन । डेरामा बसेर काम गर्नुपर्दा घरबेटीसँग लुकेर बस्नुपर्ने भयो । त्यसमाथी, तथ्यांक दिने व्यक्तिले बारम्बार तपाई त अग्रपंतीमा काम गर्ने व्यक्ति है ? भन्दा उनिहरु टाढा हुन खोजेको प्रष्टै थाहा हुन्थ्यो ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219